प्रगति स्थिति- आधार वर्षको दोश्रो चौमासिक सम्मको प्रगति स्थिति उल्लेख गर्ने। पहिलो वर्षमा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु- आयोजना दस्तावेजमा उल्लेख भएका क्रियाकलाप तथा सोह्रौ योजनाको विषय क्षेत्रगत उद्देश्य हासिल गर्नको लागि रणनीति र कार्यनीति कार्यान्वयनमा सहयोग पुग्ने किसिमका क्रियाकलापहरु उल्लेख गर्ने।

## कार्यक्रमको संक्षिप्त विवरण

| ब.उ.शि.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि (शुरु र समाप्ति) | लागत (रु.) | पुष्ट्याई | आगामी ३ वर्षको उपलब्धि सूचक | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | लैङ्गिक संकेत | जलवायु | गरिबी निवारण | SDG |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| | | | | | | | | | | | | |

| ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी ३ वर्षको उपलब्धी सूचक | आ.व.२०८०।०८१ मा सञ्चालन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | |
| | | | | |

## ९. जोखिम पक्ष तथा अनुमान

- आगामी ३ वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आइपर्ने सम्भावित जोखिमको आंकलन तथा सम्बोधन सहित २ वाक्यमा बढीमा एक अनुच्छेद लेख्ने। पहिलो वाक्यमा प्रमुख अनुमान उल्लेख गर्ने। दोश्रो वाक्यमा उक्त कार्यहरु नभएमा अपेक्षित उपलब्धी हाँसिल नहुने जोखिम रहन्छ भनी उल्लेख गर्ने।


कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र**

वीरेन्द्रनगर, सुर्खेत


# मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) कानूनी व्यवस्था र तयारी

## परिचयः

- सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत–साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ।
- स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework- MTBF) तयार गरिन्छ।
- यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework- MTRF) तयार गरिन्छ।
- चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework- MTFF) निर्धारण गरिन्छ।

## कानुनी व्यवस्था

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१६) मा नेपाल सरकार प्रदेश तथा स्थानिय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ मा कार्यालयले तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यत्रमको खाका र नतिजाको खाका समावेश भएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ।
- कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०८१ को दफा (६) को १ मा आयोगले मन्त्रालयको समन्वयमा र उपदफा (२) मा सम्बन्धित मन्त्रालयले MTEF तयार गर्नुपर्ने व्यवस्था रहेको छ।


प्रकाशित : आ.व. २०८१/०८२

# MTEF तर्जुमा प्रक्रिया

**१. कार्यतालिका तथा जिम्मेवारी निर्धारण- फागुन मसान्त सम्म**

**२. मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया**

- ☑ चालु आवधिक योजना र वार्षिक विकास कार्यत्रमको समीक्षा
- ☑ त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन
- ☑ बजेट सीमा निर्धारण तथा बाँडफाँट
- ☑ बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण
- ☑ विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी
- ☑ विषयगत समितिमा मध्यमकालीन खर्च संरचनाको मस्यौदामाथि छलफल
- ☑ मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी
- ☑ मध्यमकालीन खर्च संरचनाको स्वीकृति

## विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने विषय वस्तूहरु

### १. पृष्ठभूमी

- विषय क्षेत्रसँग सम्बन्धित वर्तमान अवस्था, दिगो विकास लक्ष्य सम्बन्धमा विषयक्षेत्रगत व्यवस्था र विषय क्षेत्रगत नीति, रणनीति एवं सरकारको क्षेत्रगत प्राथामिकता तथा प्रतिवद्धता समेटेर एक अनुच्छेदमा र बढीमा आधा पृष्ठसम्म लेख्न सकिने।

### २. समस्या तथा चुनौती

- यस क्षेत्रका कार्यक्रम कार्यान्वयनमा विद्यमान प्रमुख समस्या दुई वाक्यमा नबढ्ने गरी एक अनुच्छेद तथा आगामी दिनमा सामना गर्नुपर्ने चुनौती समेत गरी एक अनुच्छेदमा लेख्न सकिने।

### ३. सोच

- दोस्रो पञ्चवर्षीय योजनामा उल्लेखित विषयक्षेत्रगत सोच लेख्ने, एक भन्दा बढी क्षेत्र भएमा सबै क्षेत्रको सोच लेख्ने र कोष्ठमा क्षेत्र खुलाउँदा उपयूक्त हुने।

### ४. उद्देश्य

- दोस्रो पञ्चवर्षिय योजनामा उल्लेखित विषय क्षेत्रगत उद्देश्य लेख्ने, एक भन्दा बढी क्षेत्र भएमा सबै क्षेत्रको उद्देश्य लेख्ने र कोष्ठमा क्षेत्र खुलाउँदा उपयूक्त हुने।

### ५. रणनीति

- दोस्रो पञ्चवर्षीय योजनामा उल्लेखित विषयक्षेत्रगत रणनीति लेख्ने, एक भन्दा बढी क्षेत्र भएमा सबै क्षेत्रको रणनीति लेख्ने र कोष्ठमा क्षेत्र खुलाउँदा उपयूक्त हुने।

### ६. विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

- आगामी ३ आर्थिक वर्षको लक्ष्य निर्धारण गर्दा दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्यलाई मूल आधार मानी लक्ष्य उल्लेख गर्ने।

| सूचक | एकाई | आ.व.२०८०।०८१ को यथार्थ अवस्था | आ.व. २०८१।०८२को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८२।०८३ | आ.व. २०८३।०८४ | आ.व. २०८४।०८५ |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | | | | | | |

### ७. विषयक्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट | | | | श्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | | संघ | बैदेशिक |
| २०८२।०८३ | | | | | | | |
| २०८३।०८४ | | | | | | | |
| २०८४।०८५ | | | | | | | |

### ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

क्षेत्रगत रणनीतिक स्तम्भमा दोस्रो पञ्चवर्षिय योजनाबाट क्षेत्रगत रणनीतिक स्तम्भ उल्लेख गर्ने। उद्देश्य संक्षिप्तमा लेख्ने ( गरिबी निवारण, क्षमता विकास)। कार्यक्रम वा आयोजनाको शूरु र समाप्त हुने मिति अनिवार्य रुपमा खुलाउने। सालबसाली प्रकृतिका कार्यक्रम भएमा ५ वर्षको अवधिलाई चरण मानी सो अनुसार उल्लेख गर्ने र आयोजना अवधिको कूल लागत उल्लेख गर्ने र सोको पुष्ट्याइ दिने। साधारण प्रशासन तर्फ अवधि र लागत उल्लेख गर्नु नपर्ने। अपेक्षित नतिजा र आगामी तीन वर्षको उपलब्धी सूचक उल्लेख गर्दा परिमाण खुलाउने तथा खुलाउन नसकिने प्रकृतिको भएमा छोटो बुदामा "............... भएको हुने" भनी उल्लेख गर्ने।हालसम्मको